नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र

हरिहरभवन, ललितपुर ।

# धानको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा उन्नत बीउको प्रयोगमा मूल्य अनुदानका लागि अनलाइन आवेदन तथा माग, आपूर्ति विवरण प्रविष्ट गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८० चैत्र ९ गते शुक्रबार)**

संघ, प्रदेश तथा स्थानीय तहको समन्वय तथा सहकार्यमा गुणस्तरीय बीउ बिजनको उत्पादन, आपूर्ति तथा वितरण प्रणालीको सुदृढीकरण तथा स्वदेशी जातको प्रवर्द्धन गर्न स्वीकृत **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८** बमोजिम चालु आर्थिक वर्ष २०८०/०८१ मा सङ्घीय शसर्त बजेट मार्फत् कार्यक्रम तथा बजेट विनियोजन भएका प्रदेशस्तर (कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय/एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय) बाट संचालन हुने **धानको उन्नत बीउ उत्पादकलाई प्रोत्साहन अनुदान कार्यक्रम** एवम् कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरु मार्फत् संचालन हुने उन्नत बीउ प्रयोगकर्ता कृषकलाई **धानको उन्नत बीउको प्रयोगमा ५० प्रतिशत मूल्य अनुदान कार्यक्रममा** सहभागी हुन बीउ उत्पादक तथा सम्बन्धित स्थानीय तहले subsidy.sqcc.gov.np मार्फत् वा www.sqcc.gov.np वेवसाइटमा गई **कार्यक्रम/प्रणाली (Program/System)** अन्तरगत राखिएको **बीउ व्यवस्थापन प्रणाली (Seed Subsidy Management System-DESES)** मा गई देहाय बमोजिमका शर्तहरु तथा समय सिमा भित्र तोकिएका कागजातहरु अपलोड गरी अनलाइन रजिष्ट्रेसन (यस अघि रजिष्ट्रेसन भएकाले पुनः रजिष्ट्रेसन गर्न नपर्ने, सोझै लग इन गर्न सक्ने) भई उन्नत बीउ उत्पादकले उक्त प्रणालीको उन्नत **बीउ उत्पादनमा प्रोत्साहन अनुदान सम्भागमा** धानको उन्नत बीउ आपूर्ति विवरण तथा सम्बन्धित स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तहमा कृषकहरुबाट धानको उन्नत बीउको माग संकलन गरी यस कार्यक्रमका लागि विनियोजन भएको सङ्घीय शसर्त बजेटबाट ५० प्रतिशत मूल्य अनुदान उपलब्ध गराउन सकिने धानको उन्नत बीउको परिमाण मात्र **उन्नत बीउ प्रयोगमा मूल्य अनुदान सम्भागमा** माग विवरण प्रविष्ट गर्नुहुन सूचित गरिन्छ ।

**शर्त/बन्देज तथा समय सिमा**

१. धानको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा प्रयोगमा मूल्य अनुदान उपलब्ध हुने धानका जात/मूल्य/प्रोत्साहन अनुदान देहाय बमोजिम हुनेछ ।

| **बीउको प्रकृति** | **धान बालीका जातहरु** | **उन्नत बीउको मूल्य (रु प्रति के.जी.)** | **उन्नत बीउ उत्पादकलाई उपलब्ध हुने प्रोत्साहन अनुदान रकम (रु. प्रति के.जी.)** | **उन्नत बीउ प्रयोगकर्ता कृषकलाई उपलब्ध हुने मूल्य अनुदान (रु. प्रति के.जी.)** |
|---|---|---|---|---|
| मोटो/मध्यम | बहुगुणी-१, बहुगुणी-२, सुख्खा धान-१, सुख्खा धान-२, सुख्खा धान-३, सुख्खा धान-४, सुख्खा धान-५, सुख्खा धान-६, हर्दिनाथ-२, हर्दिनाथ-३, हर्दिनाथ-४ साबित्री, राधा-४, स्वर्ण सब-१, राधा-७, राधा-११, राधा-१२, राधा-१३, राधा-१४, मकवानपुर-१, चैत-१, चैत-२, चैत-६, सेहराङ्ग सब-१, तरहरा-१, घैया-३, हर्दिनाथ-५, गंगासागर-१, गंगासागर-२, लोकतन्त्र | ६० | १५ | यस तालिकामा उल्लेख भएको मूल्यमा निर्देशिकाको दफा १० को उपदफा ५ को खण्ड (छ), (ज) र (झ) अनुसार कायम हुने मूल्यको ५० प्रतिशत मूल्य अनुदान उपलब्ध हुने । |
| मसिनो | हर्दिनाथ-१, सावाँ मसुली सब-१, हर्दिनाथ सावाँ मसुली, रामधान, चैते-५, हर्दिनाथ-६ | ६५ | २० | |
| खुमल श्रृंखलाका जातहरु, मसिनो र बासनादार एवम् उच्च पहाडी क्षेत्रका लागि उपयुक्त जातहरु | खुमल-४, खुमल-१०, खुमल-११, खुमल-१२, खुमल-१३, खुमल-१४, सुगन्धित धान-१, ललका बासमती, सुनौलो सुगन्धा, सुद्धोधन कालानमक, खुमल बासमती-१६, छोमरोङ्ग, माछापुच्छ्रे-३, पोखरेली जेठोबुढो, चन्दननाथ-१, चन्दननाथ-३, लेकाली-१, लेकाली-३ | ९५ | २८ | |

२. मूल बीउ उत्पादनको अनुमति पत्र नलिएका र मूल वा प्रमाणित बीउ लगाई उन्नत बीउ उत्पादनमा संलग्न कृषक, कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ बैंक/कम्पनी/फर्मले मात्र **उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम**मा सहभागी हुन पाउनेछन् ।

३. धानको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदानका लागि अनलाइन आवेदन गर्ने उन्नत बीउ उत्पादकले सर्तको १ नम्बर बुँदामा उल्लेख गरिएको मूल्यमा बीउ प्रशोधन, बीउ उपचार लगायत बीउ उत्पादनका सबै शर्तहरु पुरा गरी गुणस्तरीय ट्यागिङ्ग, व्यागिङ्ग तथा लेवलिङ्ग भएको उन्नत बीउ उपलब्ध गराउनुपर्नेछ ।

४. उन्नत बीउमा प्रोत्साहन अनुदान प्राप्त गर्ने अनुदानग्राही तथा बीउ माग गर्ने स्थानीय तहले Digitally Enabled Seed Management System (DESES) बाट तयार गरेको वासलात बमोजिम अनिवार्य रुपमा बीउको आपूर्ति तथा वितरण गर्नुपर्नेछ ।

५. **रजिष्ट्रेसन/लग इन प्रारम्भ मितिः २०८० चैत्र ९ गते शुक्रबार**

६. **रजिष्ट्रेसन समाप्त हुने मितिः २०८० चैत्र २५ गते आइतबार**

७. **DESES मार्फत् सम्बन्धित स्थानीय तहले उन्नत बीउ माग तथा उन्नत बीउ उत्पादकले आपूर्ति विवरण प्रविष्ट गर्ने अन्तिम मितिः २०८१ बैसाख ७ गते शुक्रबार सम्म**

८. अन्य शर्त तथा जानकारीका लागि www.moald.gov.np, www.sqcc.gov.np, www.doanepal.gov.np मा राखिएको बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ हेर्न सकिनेछ ।

थप जानकारीका लागिः बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवन, ललितपुरः ०१-५४२१३५९, ९८४५१२५०९०, ९८४११९२६५६

कृषि विभाग, हरिहरभवन, ललितपुरः ०१-५४२१३२३, ९८४३७४३९५७ तथा सम्बन्धित जिल्ला स्थित कृषि कार्यालय तथा कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरु